आज मिति २०८१।०८।०६ गते बिहिवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्याः ४१ समय : विहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | कल्पना पहरी |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | कुमारी |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारी:

१. श्री विजय कुमार थापा

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री प्रकाश रावल

सहयोगी कर्मचारी:

१. श्री दिलिप कुमार भुजेल दिलीप

**प्रस्तावहरु:**

१. ४०औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. विपद् प्रतिवेदन सम्बन्धमा।
४. पाटी बगरको बोलपत्र आव्हान गर्ने सम्वन्धमा।
५. जडिबुटी प्रशोधन केन्द्रको रकम भुक्तानी सम्वन्धमा।
६. कृषि उपज भण्डारणको लागि कोल्ड चेम्बर निर्माण सम्वन्धमा।
७. भ्याकेटको निवेदन जाने सम्बन्धमा।
८. विविध।

**निर्णयहरु:**

१. गत ४०औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्वन्धमा समिक्षा गरियो ।
२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।
३. मिति २०८१/०७/०६ गते कार्यपालिकाको बैठकबाट २०८१ असोज १०, ११ र १२ गते परेको अविरल वर्षाको कारण आएको बाढी र पहिरोबाट क्षति भएका तथ्याङ्क संकलन गर्न गठित अनुगमन टोलिले पेश गरेको भौतिक तथा जनधन क्षति विवरणको अन्तिम प्रतिवेदन प्रमाणित गर्ने निर्णय गरियो।

४. सुनकोशी नदी किनारमा पर्ने पाटी बगरको IEE को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो। साथै ९ महिनाको परिमाण १२०६५ घन मिटर रहेकोमा विविध कारणले गर्दा ६ महिनाको ८०४३.३३३ घन मिटर परिमाणको प्रदेश आर्थिक ऐनको दररेट अनुसार बोलपत्र आव्हान गर्ने निर्णय गरियो।

५. यस भुम्लु गाउँपालिका अन्तर्गत जडिबुटी प्रशोधन केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि खर्च भएको बिल भरपाई अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो।

६. यस भुम्लु गाउँपालिकाको वडा नं.०९ र १० को सहकार्यमा सोहि वडा भित्र पायक पर्ने सामुदायिक भवनमा कृषि उपज भण्डारणको लागि कोल्ड चेम्बर निर्माण गर्ने निर्णय गरियो।

७. कुमार प्रसाद खरेलले यस भुम्लु गाउँपालिका समेतलाई विपक्षि बनाई दायर गर्नु भएको उत्प्रेषण समेत रिट (०८१-WO-०३९०) मा सम्मानित सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेकोले उक्त आदेश खारेजका लागि भ्याकेट (अन्तरिम आदेश खारेजि) को निवेदन दिने तथा सो अन्तरिम आदेश खारेजिका लागि भ्याकेटको निवेदन जान तथा अन्य विपक्षिलाई समेत भ्याकेटमा जान आग्रह गरी पत्राचार गर्ने निर्णय गरियो।

८. विविध:

क. भुम्लु गाउँपालिका समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर भएको रिट नं.०८१-WO-०३९० को प्रतिउत्तर प्रमाण संकलन तयार गर्ने लगायत अन्य कार्य गर्न यस गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ता राजु लामालाई अख्तियारी दिने निर्णय गरियो।

ख. मिति २०८१ असोज १०, ११ र १२ गते परेको अविरल वर्षाको कारण आएको बाढी र पहिरोबाट क्षति भएका खानेपानी/सिँचाई पाइप तथा जाली वितरण प्रयोजनको लागि टेन्डर प्रक्रियाबाट पाइप खरिद गर्ने निर्णय गरियो।

ग. काभ्रे घट्टेखोला जाली तार [illegible] उपभोक्ता समितिलाई प्राविधिक इष्टिमेट अनुसार उक्त कार्य सम्पन्न गर्नको लागि विपद् कोष शीर्षकबाट अन्तिम मूल्याङ्कन अनुसार भुक्तानी दिने निर्णय गरियो।

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

घ. भुम्लु गाउँपालिका वडा नं.०४ चौवास दुदुगाउँ स्थायी ठेगाना भएका एक बहादुर दर्जीले मिति २०८१/०४/०८ गते दिएको निवेदन अनुसार निजको छोरी एलिना दास उच्च शिक्षा अध्ययनको लागि आर्थिक अवस्था कमजोर भएकोले रु.२५०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ङ. भुम्लु गाउँपालिका वडा नं.७ मा रहेको मोटरबाटो १४४५ मिटर बाटोको पिच गर्न प्राविधिक इष्टिमेट तथा डिपिआर छुट हुन गएकोले उक्त बाटोको डिपिआर तयार गरी पिच गर्न सम्बन्धित निकायमा बजेट माग गर्ने निर्णय गरियो।

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner